# बाणगङ्गा नगरपालिका भित्रका साँस्कृतिक तथा पर्यटकीय स्थलहरूको संक्षिप्त चिनारी, २०८१



प्रकाशकः

**बाणगङ्गा नगर प्रज्ञा प्रतिष्ठान**

**बाणगङ्गा नगरपलिका**

कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

# बाणगङ्गा नगरपालिकाको संक्षिप्त चिनारी

## क) परिचय

बाणगङ्गा नगरपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत कपिलवस्तु जिल्लाको उत्तर, पूर्व तर्फ अवस्थित एक सुन्दर नगरपालिका हो। विश्व मानचित्रमा यो २७° ३५'०९" देखि २७° ४७'००" उत्तरी अक्षांश र ८३° ०४'००" देखि ८३° १५'५१" पूर्वी देशान्तरमा पर्दछ। यसको क्षेत्रफ़ल २३३.६३ वर्ग किलोमिटर छ। यसको उचाई समुद्र सतहदेखि १०५ देखि ४९५ मिटर सम्म छ। यसको पूर्व पश्चिमको लम्बाई २२ कि.मि. र उत्तर दक्षिण चौडाई १४ कि.मि. छ। यहाँको जलवायु उष्ण छ। यसको पूर्वी सिमानामा कोठी नदी, रूपन्देही जिल्लाको कञ्चन गाउँपालिका र सैनामैना नगरपालिका, पश्चिम कपिलवस्तु जिल्लाकै बुद्धभूमि र दक्षिण पश्चिममा कपिलवस्तु नगरपालिका, उत्तरतर्फ अर्घाखाँची जिल्लाको शितगङ्गा नगरपालिका र दक्षिणमा कपिलवस्तु जिल्लाकै मायादेवी र शुद्धोदन गाउँपालिका पर्दछन् भने दक्षिण पूर्वमा रूपन्देहीको गैंडहवा गाउँपालिका रहेको छ।

यस नगरपालिकामा कोठी नदी, बाणगङ्गा नदी र कोइली नदीहरू छन्। सिँचाई गर्ने र धार्मिक दृष्टिले पनि अति महत्त्वपूर्ण नदी बाणगङ्गा नदी नै हो। बाणगङ्गा नदीको उत्पत्तिका सन्दर्भमा त्रेता युगमा राम वनवास बस्दा सीतालाई प्यास लाग्यो। पानी कतै नपाए पछि रामले बाण हानेर नदी उत्पत्ति भएको भन्ने किंवदन्ति भएपनि स्कन्द पुराण, बराह पुराण आदिका आधारमा रावण तपस्या गर्न आएका बखत जलको आवश्यकता परेकोले सोमेश्वर पर्वत देखि दक्षिण भागको पहाडमा बाण हानेर (हाल भेडामारे शितगङ्गा अर्घाखाँची) निर्मल जलधारा उत्पन्न गरे र सोही जलधारा बाणगङ्गा को उदगम् स्थल हो भन्ने कुरा स्कन्द पुराणको गण्डकी महात्म्यका श्लोक संख्या ५२ र ५३ यसै गरी बराह पुराणको १४४ औं अध्यायको श्लोक सङ्ख्या ७० देखि ७४ सम्म उल्लेख गरिएको छ।

सोमेशाद् दक्षिणे भागे बणेनाद्रिं विभिद्य वै।

रावणेन प्रकटिता जलधाराऽति पुण्यदा" ॥  
बाणगङ्गेति विख्याता या स्नाता चाघहारिणी,।  
स्नात्वा तु बाणगङ्गा यां दृष्ट्वा बाणेश्वरं विभूम्।  
गङ्गास्नानं फलं लब्ध्वा मोदते देववद्दिवि ॥

प्राचीन समयमा बाणगङ्गा नदीलाई भागीरथी नदी भनिन्थ्यो भन्ने कुरा (मेचीदेखि महाकाली भाग ३ पश्चिमाञ्चल विकास केन्द्र सूचना तथा सञ्चार मन्त्रालय सूचना विभाग २०३१ मा उल्लेख छ। तर वर्तमान समयमा बाणगङ्गा नदीको नामले चिनिन्छ। राज्यको संरचनालाई एकात्मकबाट संघीयतामा परिवर्तन गरे पछि तत्कालीन गा.वि.स.हरू बाणगङ्गा, गजेहडा, कोपवा, मोतीपुर,

भलवाड, पटना, हथौसा समावेश गरी बाणगङ्गा नदीकै नामबाट बाणगङ्गा नगरपालिका नामाकरण गरिएको हो।

यस नगरपालिकाको जनसंख्या २०७८ को जनगणना अनुसार पुरुष ४५४०७ र महिला ५१३०७ गरी जम्मा ९६७१४ छ। यहाँ बिभिन्न जात जातिका मानिसहरू आपसी सद्भाव र सदाशयताका साथ मिलेर बसेका छन्।

शैक्षिक दृष्टिले यो नगरपालिका कपिलबस्तु जिल्लामा अग्रस्थानमा रहको छ। यहाँ गुणस्तर सुनिश्चितता प्रमाणीकरण भएको र स्नातकोत्तर तहसम्म अध्ययन अध्यापन हुने सिद्दार्थ क्याम्पस र स्नातक तह सम्म अध्ययन अध्यापन हुने अन्य ३ वटा बाणगङ्गा बहुमुखी क्याम्पस, सयपत्री क्याम्पस र लुम्बिनी भिजन कलेजका साथै कक्षा १२ सम्म अध्ययन अध्यापन हुने मा.वि. हरू १७ वटा, कक्षा १० सम्म अध्यापन हुने मा.वि. हरू १५ र आधारभूत तहका कक्षा सञ्चालन भएका विद्यालयहरू ४२ छन्। बाणगङ्गा नगरपालिका पूर्ण साक्षर घोषित भएको नगरपालिका हो। यहाँ दुईवटा सामुदायिक पुस्तकालयहरू पनि रहेका छन्। यस नगरपालिकामा ११ वटा वडा रहेका छन्। नगरपालिकाको लगभग मध्य भागमा पूर्व पश्चिम लोक मार्ग पर्दछ।

## ख) प्रमुख धामहरूको परिचय

### १. लक्ष्मणघाट धाम

यस नगरपालिका भित्रका अति महत्त्वपूर्ण धामहरू मध्ये लक्ष्मणघाट धाम प्राचीन धाम हो। बाणगङ्गा नदी र कोइली नदीको संगम स्थललाई लक्ष्मणघाट भनिन्छ। त्रेता युगमा राम वनवासमा रहेको समयमा रामले नुहाएको घाटलाई रामघाट भनिन्छ जुन हालको कपिलवस्तु नगरपालिकामा पर्छ। यसै क्रममा लक्ष्मणले नुहाएको घाट लक्ष्मणघाटको नामले प्रसिद्धघाट यसै नगरपालिकामा पर्दछ। यहा शिव मन्दिर, हनुमान मन्दिर, मनकामना मन्दिर, दुर्गा मन्दिर, राम जानकी



मन्दिर, शनि  देवको मन्दिर, गणेश मन्दिर, नाग मन्दिर, सुपा देउराली मन्दिर र १०८ शिवलिङ्ग तथा शिवको विशाल मूर्ति रहेका छन् । श्रावण महिनामा विशेषगरी सोमबारका दिन यस लक्ष्मणघाटबाट जल लगी अन्य स्थानका शिवालयहरूमा जल चढाउदा पुण्य प्राप्त हुने जनविश्वास र प्रचलन रहिआएकोछ । यसै स्थानमा कार्तिक शुक्ल पूर्णिमामा ठुलो मेला लाग्ने गर्दछ । यस्तै एकादशी, औशी, पूर्णिमा, सक्रान्ति जस्ता पर्व विशेषमा यस घाटमा आई नुहाउदा पुण्य प्राप्त हुने जनविश्वास रहेकोले यहाँ श्रद्धालुहरू आई स्नान गर्ने गर्दछन् । यसै स्थानमा बाणगङ्गा सिचाई योजनाको नहरको बाँध पनि रहेको हुँदा यस धामको आकर्षण अझ बढेको छ । यसै नहरबाट कपिलवस्तु नगरपालिकामा पर्ने ठुलो मानव निर्मित ताल जगदीशपुर तालमा जल प्रवाह हुन्छ ।

## २. राम दतिवन धाम

बाणगङ्गा  नगरपालिका वडा नं. ७ कोइली बनगाई पुल पारी खारखानीदेखि करिब ७ कि.मि. उत्तर पश्चिममा रामदतिवन धाम रहेको छ । भगवान श्री राम वनबास रहेकै समयमा यहाँ आई दतिवन गरेको हुनाले यस धामको नामाकरण सोही प्रसङ्गलाई लिएर राखिएको किम्वदन्ती छ । यहाँको एक शीलामा श्री रामचन्द्रको पाउ स्पर्श भएको पदचिन्ह अद्यापि देख्न सकिन्छ । यो एक महत्त्वपूर्ण स्थान भए तापनि प्रचार प्रसारको कमी र पहुँच मार्गको असुविधाका कारणले


स्मार्ट फोटो

अपेक्षित विकास हुन सकेको छैन । हाल यहाँ गणेश मन्दिर, शिव मन्दिर, राधाकृष्ण मन्दिर, दुर्गा मन्दिर र काल भैरव मन्दिर आदि रहेका छन् । यहाँ प्रत्येक वर्ष आश्विन र चैत्रशुक्ल नवरात्र, शिवरात्री तथा श्रावण मासमा मेला उत्सव हुने गर्दछन् । यहाँ एउटा गौशाला पनि रहेको छ ।

## ३. कैलाश आश्रम धाम

बाणगङ्गा नगरपालिका वडा नं. २ नन्दनगरमा पूर्व पश्चिम लोकमार्ग देखि ३ कि.मि. उत्तरमा कैलाश आश्रम धाम रहेको छ। कैलाश आश्रममा त्रेता युगमा कौशिकी नदी किनारामा रहेका विभाण्डक ऋषि आएर तपस्यामा रहनु भएको र यही स्थानमा उहाँका पुत्रका रूपमा ऋष्य श्रृङ्गीको जन्म भएको थियो यिनै ऋष्य श्रृङ्गीलाईनै श्रृङ्गी ऋषि भनिदै आएको हो। कैलाश आश्रमदेखि पश्चिमतर्फ श्रृङ्गीघाट रहेको छ। कैलाश आश्रममा विभाण्डक सरोवरका साथै सिद्धि विनायक गणेश मन्दिर, मनकामना दुर्गा मन्दिर, कल्याणेश्वर शिव मन्दिर, सरस्वती मन्दिर, यज्ञशाला, यज्ञ मण्डप, मनकामना संस्कृत विद्यापीठ, पुस्तकालय, कामधेनु गौशाला, नन्दीकेश्वर गौशाला, विभाण्डक कुटी, लोकानन्द कुटी आदि रहेका छन्। यहा एकादशी, मकरसंक्रान्ति, अक्षय तृतीया, कुशे औँशी, नागपञ्चमी, गुरुपूर्णिमा, ऋषितर्पणी पूर्णिमा, चण्डीपूर्णिमा, कृष्णजन्माष्टमी, गणेश चतुर्थी, नवरात्र, लक्ष्मीपूजा, बालाचतुर्दशी, मौनी अमावाश्या (पुसे औंसी), महाँशिवरात्री, रामनवमी आदि पर्वहरूमा मेला लाग्ने गर्दछन्। हाल यस आश्रमका संरक्षक परम् श्रद्धेय ब्रह्मनिष्ठ तत्त्वदर्शी सन्त शिरोमणि १००८ स्वामी लोकानन्दजी महाराजज्यू हुनुहुन्छ। यसै आश्रममा ब्रह्मलीन युवराज महाराजजी एवम् ब्रह्मलीन श्री १००८ स्वामी कृष्णानन्द परमहँसले ध्यान, तप साधना गरी सिद्धि प्राप्त गर्नुभएको थियो।



स्मार्ट फोटो

## ४. कपिलधाम

कपिलाय नमस्तुभ्यम् शाङ्ख्यशास्त्र विधायिने।
बाणगङ्गा तटे धाम तस्मात् कपिलवस्तु च" ॥


स्मार्ट फोटो

महर्षि कर्दम र देवहुतिका पुत्र भगवान विष्णुका अवतार शाङ्ख्य दर्शनका प्रवर्तक महर्षि कपिलमुनिको आश्रम कपिलधाम पूर्व पश्चिम लोकमार्ग वनगाई बजार देखि २.५कि.मि. उत्तरतर्फ बाणगङ्गा नगरपालिकाको वडा नं. ७ र ९ का सीमा क्षेत्रमा अवस्थित छ। प्राचीन समयमा ऋषि पतञ्जलिले यसै आश्रममा आई महर्षि कपिलबाट योगसाधना ग्रहण गरी संसार भरी योगको विस्तार गरेका थिए। हाल आएर २०६८ साल देखि कपिल आरोग्य मन्दिर कपिल धाम(धार्मिक वन) को रूपमा रहेको छ। यसले आफ्नै गुरु योजना बनाई सरकारी, गैह्रसरकारी संघसंस्था, निजी दानदातब्य र यज्ञ महोसत्व आदिबाट सहयोग जुटाई धामको विकास गर्दै आएको छ। भगवान गौतम बुद्धले कपिलधाममा आई केहि समय वैदिक वेदान्त अध्ययन गरेको जनश्रुति रहेको छ।

कपिल धाम परिसरभित्र परापूर्व देखि आदिवासी थारु जनजातिले स्नान गर्ने स्थाणुतीर्थ (जहा धेरै तीर्थको जल ल्याई राखिएको तलाउ रहेको छ।) यसै गरी राधाकृष्ण मन्दिर, रामजानकी


स्मार्ट फोटो

मन्दिर, मनसादेवी मन्दिर, गायत्री मन्दिर, शिवालय मन्दिर, १०८ शिव लिङ्ग, गणेश मन्दिर, देवहुती मन्दिर, दुर्गा मन्दिर, सिद्धबाबा मन्दिर, विश्वकर्मा बाबा मन्दिर, त्रिरत्न बौद्ध विहार, सिद्धियोग ध्यान केन्द्र, रास्ट्रिय स्तरका ख्याती प्राप्त साहित्यकारहरूको प्रतिमाहरू रहेको साहित्य तीर्थ, सप्तऋषि दर्शन क्षेत्र, महर्षि कपिलको मूर्ति, पतञ्जलिको मूर्ति , लुम्बिनी वाङ्मय भवन (प्रज्ञा पुस्ताकालय) प्राकृतिक चिकित्सा सेवाकेन्द्र आदि महत्त्वपूर्ण धार्मिक, सास्कृतिक, साँहित्यिक सम्पदाहरू रहेका छन् । यहाँ विभिन्न जडीबुटी फलफूल बंगैचा रहेका छन् । कपिलाधाम, पौराणिक, ऐतिहासिक, पर्यटकीय स्थलको रूपमा रहेको एउटा पवित्र पूण्यभूमि हो । यहाँको भ्रमण गर्दा मानसिक शान्ति प्राप्त हुन्छ ।

## ५. मधुवन धाम



स्मार्ट फोटो

बाणगङ्गा नगरपालिका वडा नम्बर ८ बाणगङ्गा पुलचोकदेखि उत्तरतर्फ बाणगङ्गा नदीको तटमा शान्ताकुञ्ज मधुवन धामका नामले प्रसिद्ध मधुवन धाम क्षेत्र रहेकोछ । पछिल्लो चरणमा यस धामको विकास द्रुत गतिमा भइरहेको छ । त्रेतायुगमा अयोध्याका राजा दशरथकी छोरी, राजा रोम पादकी पोष्य पुत्री शान्ताले आश्रय लिएको पौराणिक तथ्यका आधारमा शान्ताकुञ्ज मधुवन धाम नामाकरण गरिएको हो । मधुवन धाम परिसरभित्र गायत्री मन्दिर, गणेश मन्दिर, शिव मन्दिर, बुद्ध विहार, विपश्यना केन्द्र, शान्ताश्रृङ्गी प्रतिमा, श्रृङ्गीउद्यान, हनुमान प्रतिमा आदि मठ मन्दिर रहेका छन् । मधुवनधाम क्षेत्रभित्र विष्णु पादुका शीला, बालु नीलकण्ठधाम, श्रृङ्गीघाट जस्ता पवित्र स्थल रहेका छन् । त्रेतायुगका प्रसिद्ध तपस्वी विभाण्डक ऋषिका पुत्र प्रसिद्ध कर्मकाण्डी (जसले राजा

दशरथको पुत्रेष्टी यज्ञमा आचार्य भई यज्ञ सम्पादन गरेका थिए।) श्रृङ्गी ऋषिको जन्मभूमि मधुवन धाम पौराणिक, ऐतिहासिक, धार्मिक महत्त्व बोकेको स्थान हो । यहाँ पितृपक्षमा पिण्डदान तर्पण गर्ने, बालाचतुर्दशीमा शतबिउ छर्ने र विशेष पर्वहरूमा मेला लाग्ने गर्दछ। यहाँ वनस्पति उद्यान ( वोटानिकल गार्डेन) र गौशाला समेत रहेका छन् ।

## ग) मन्दिरहरू

यस बाणगङ्गा नगरपालिकामा विभिन्न जातजाति धर्म सम्प्रदायका मानिसहरू वसोबास गर्ने हुँदा उनीहरूले धर्म संस्कृति परम्परा र आस्थाका आधारमा आफ्ना-आफ्ना मठमन्दिरहरू र आस्थाको धरोहरहरू निर्माण भएका छन् ।

### १. शिव मन्दिरहरू :

यहाँ धेरै स्थानमा शिवका मन्दिरहरू निर्माण गरिएकाछन् । यी मन्दिरहरूमा महाँशिवरात्रीमा भक्तजनहरूले जल तथा बेलपत्र चढाउँछन् र पूजा अर्चना गर्दछन् । सबैजसो मन्दिरमा महाशिवरात्री मेला लाग्ने गर्छ । हथौसामा एक सातासम्म ठूलो मेला लाग्दछ । साथै पिपरामा पनि एक दिने ठूलो मेला लाग्दछ । ती शिव मन्दिरहरू यस प्रकार छन् ।

१. प्रकटेश्वर महाँदेव मन्दिर हथौसा
२. प्रकटेश्वर महाँदेव मन्दिर पिपरा
३. कल्याणेश्वर शिव मन्दिर पिपरा
४. कल्याणेश्वर शिव मन्दिर बनगाई
५. जलेश्वर धाम शिवमन्दिर बालापुर
६. नागेश्वर शिवालय मन्दिर धनेशपुर
७. नागेश्वर शिवालय मन्दिर भर्लाबास
८. नागेश्वर शिवालय मन्दिर जिनुवा
९. नागेश्वर शिवालय मन्दिर भर्तापुर
१०. शिवालय मन्दिर ओदारी
११. श्री महाकालेश्वर शिवालय मन्दिर शैलहवा प्रतिडाँडा ,कोपवा ।
१२. श्री शिवालय मन्दिर बुङ्ची
१३. शिवालय मन्दिर डुङ्गहवा
१४. छापेढुङ्गा शिव मन्दिर बाणगङ्गा-१, उत्तमनगर
१५. शिद्धेश्वर महादेव मन्दिर वडा नं. १, जितपुर आदि

## २. देवीका मन्दिरहरू :-

अर्घाखाँची जिल्लामा रहेको सुपा देउराली मन्दिरको प्रतिरूपमा रहेका सुपा देउराली मन्दिरहरू यस नगरपालिकामा पनि निर्माण भएका छन् । ती मन्दिरहरूमा निरन्तर पूजा अर्चना भइरहन्छ ।

१. सुपा देउराली मन्दिर पिपरा
२. सुपा देउराली मन्दिर मधौली
३. सुपा देउराली मन्दिर मोतीपुर
४. सुपा देउराली मन्दिर लक्ष्मणघाट
५. सुपादेउराली मन्दिर मधुवन

यस नगरपालिकाभित्र रहेका देवी मन्दिरहरू निम्नअनुसार रहेकाछन् ।

यी मन्दिरहरूमा चैते दशैं (वसन्तको नवरात्र) र वडा दशैं (शरदको नवरात्र )मा दुर्गा उपासना र पूजा अर्चना गर्ने प्रचलन रहिआएको छ ।

१. दुर्गा भगवती मन्दिर बैरिया
२. बगलामुखी मन्दिर जीतपुर
३. दुर्गा मन्दिर राजपुर
४. नवदुर्गा मन्दिर चप्परगाँउ
५. नवदुर्गा मन्दिर मोतीपुर डाँडा
६. दुर्गा मन्दिर मोतीपुर
७. दुर्गा मन्दिर चौवाह
८. कोटिया कालीमाई मन्दिर सिमलखोर
९. दुर्गा मन्दिर मोर्मी
१०. गोटियामाई मन्दिर मटरिया
११. दुर्गा मन्दिर बनगाई
१२. देशान्तरी माई मन्दिर बैजलपुर
१३. दुर्गा भगवती मन्दिर बुङ्ची
१४. दुर्गा मन्दिर डुगहवा
१५. दुर्गा मन्दिर बभनी
१६. कालिका मन्दिर बभनी
१७. मालिका मन्दिर बन्डौली
१८. दुर्गा मन्दिर बाणगङ्गा, पुलचोक आदि

यसका अतिरिक्त तपसिल अनुसारका महत्त्वपूर्ण मन्दिरहरू रहेका छन् ।

१. राधाकृष्ण मन्दिर पिपरा
२. रामजानकी मन्दिर पडरिया
३. गणेश मन्दिर लौगाई
४. सुदामा मन्दिर दानापुर पटना
५. रामकुमार बाबा मन्दिर पडेरिया
६. मुराहा बाबा मन्दिर पूर्वीजिनुवा
७. मुराही बाबा मन्दिर घेरवा बनगाई
८. रामजानकी मन्दिर बभनी
९. मल्लावर माईथान बभनी
१०. लक्ष्मीनारायण मन्दिर मधुवन
११. बालाकण्ठ बराजु मन्दिर बैजलपुर आदि

## ३. बौद्ध गुम्बा तथा बिहारहरू

कपिलवस्तु जिल्ला विश्व शान्तिका प्रवर्तक भगवान गौतम बुद्ध जसलाई शान्तिका अग्रदुत भनेर विश्वले चिनेको पनि छ । उहाँको पवित्र कर्मभूमि भएको र बाणगङ्गा नगरपालिका कपिलवस्तु जिल्लामा पर्ने हुँदा यहाँ बुद्धसँग सम्बन्धित धेरै तथ्यहरू पाउन सकिन्छ ।

### १. महासमय स्थल मधुवनः


स्मार्ट फोटो

महात्मा गौतम बुद्धले बुद्धत्त्व प्राप्त गरेपछि आफ्ना अनुयायीहरूलाई बुद्धले देशना दिने क्रममा यसै नगरपालिकाको वार्ड नं ८ वोडगाउँ देखि ८ किलोमिटर उत्तर अर्घाखाँची जिल्लाको शितगङ्गा नगरपालिका वार्ड नम्बर १४ को दक्षिणमा मधुवन भन्दा उत्तरतर्फ एउटा गुफामा बुद्धले देशना ( उपदेश) दिएको स्थल रहेको छ ।

२. यसै नगरपालिकाको मधुवनधामसँगै बौद्धविहार, कपिलवस्तु महावन विपश्यना केन्द्र, "धम्मनन्दन" रहेको छ। यहाँ देश विदेशबाट विपश्वीहरू आई विपश्यना ध्यान गर्दछन्। साथै यस नगरपालिका भित्र तपसिल अनुसारका बौद्धविहार र गुम्बाहरू पनि रहेका छन्।

- महामानव बौद्ध विहार पिपरा
- गुरुङ गुम्बा नन्दनगर
- बौद्ध गुम्बा मोतीपुर
- बौद्ध गुम्बा बाणगङ्गा वडा नम्बर ८ बोडगाउँ
- त्रिरत्न बौद्ध बिहार कपिलधाम आदि

## घ) ध्यान केन्द्रहरू

यस नगरपालिका भित्र ध्यान प्रेमीहरूका लागि ध्यान र साधना गरी शान्ति प्राप्ति गर्न ध्यान र ज्ञान केन्द्रहरू स्थापना गरिएका छन्।

### १. ओशो तथागत ध्यानकेन्द्र

यस नगरपालिका वार्ड नं ८ बाणगङ्गा पुलदेखि ५०० मिटर दक्षिण पश्चिममा ओशो तथागत ध्यानकेन्द्र स्थित छ। यहाँ ध्यानभजन  निरन्तर चलिरहेको छ।


स्मार्ट फोटो

## २. ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालय एवम् राजयोग प्रशिक्षण केन्द्र


स्मार्ट फोटो

यो केन्द्र यस नगरपालिका वडा नम्बर १ को चार नम्बर शान्ति टोलमा रहेको छ। यहाँ निरन्तर प्रशिक्षण र योग साधना भइरहन्छ। साथै केन्द्रका मातहतमा यसै पालिका क्षेत्रभित्र १३ वटा गीता पाठशाला रहेकाछन्।

# ङ) पार्कहरू

यस नगरपालिकाभित्र विभिन्न पार्कहरू रहेकाछन्। ती मध्ये महत्त्वपूर्ण पार्कहरू निम्न अनुसार छन्।

## १. राजापानी पार्क

पूर्वपश्चिम लोकमार्ग पिपरादेखि करिब ४ किलोमिटर दक्षिणमा राजापानी पर्यटन क्षेत्र (पार्क) रहेको छ। किम्बदन्ती अनुसार भगवान गौतम बुद्धका पिता राजा शुद्धोदन यस स्थानमा आई कडा चट्टानको बीचबाट निस्केको निर्मल जल पिउने गर्थे भन्ने जनविश्वास रहेको छ। त्यसैले यसको नाम राजापानी राखिएको भनाइ छ। यो पार्क राजापानी


स्मार्ट फोटो

सामुदायिक वनभित्र रहेको छ। यो एउटा रमणीय पर्यटकीय स्थल र वनभोज स्थलको रूपमा परिचित छ। साथै यहाँ विशाल पानीपोखरी तथा वृक्ष वनस्पतिको मनोरम दृश्यहरू रहेका छन् । यहाँ मृग, चराहरू साथै माछाहरू पनि प्रशस्त देखन सकिन्छ ।

## २. मधौलिया वनउद्यान पार्क




पूर्वपश्चिम लोकमार्ग बुङ्चीचोकदेखि करिब १.५ किलोमिटर दक्षिण पश्चिममा बुङ्ची जहदी मार्गको छेउमा वडा नम्बर ५ मधौलीयामा यो पार्क रहेको छ। त्यहाँ ७० फिट अग्लो नेपालको झण्डा, राष्ट्र निर्माता पृथ्वीनारायण शाहको शालीक, जमीनमा नेपालको ठुलो नक्शा रहेको छ। यो उद्यान वनभोजका लागि प्रसिद्ध छ। यहाँ एउटा बालउद्यान रहेको छ, जुन बालबालिकाको आकर्षक मनोरञ्जन स्थलको रूपमा चिनिन्छ ।

## ३. वन वाटिका (इको पार्क) नन्दनगर

लोकमार्ग बैरिया चोकदेखि ३ किलोमिटर उत्तर नन्दनगरमा आकर्षक वन वाटिका (इको पार्क) स्थापना गरिएको छ। यो पार्क मनकामना सामुदायिक वन क्षेत्रभित्र रहेको छ। यहाँ अजिङ्गर, मृग, विभिन्न वृक्ष वनस्पति र चराचुरुङ्गीहरू देखन पाइन्छ ।

## ४. भगलापुर रिभरसाइड पार्क

पूर्व पश्चिम लोकमार्ग कोइली बनगाईदेखि करिब ३ किलोमिटर दक्षिण बाणगङ्गा नदीको उत्तरी किनार भगलापुरमा यो पार्क निर्माण भइरहेको छ। हाल यहाँ पानीका फोहोरा बालउद्यान रहेका छन्। यो पार्क निर्माणाधीन अवस्थामा छ।

## च) मनोरम स्थलहरू

१. खारखानी वनभोज स्थल वडा नम्बर ७ कोइली वनगाई पुल पारी
२. बाल उद्यान (पार्क) वडा नम्बर ५ प्रतिडाँडा
३. कडवाचौर वनभोज स्थल वडा नम्बर ८ मोर्मी
४. बालउद्यान (पार्क) कपिलधाम वडा नम्बर ९
५. मनोयोग उद्यान (पार्क) भर्तापुर वडा नम्बर ९

## छ) रमणीय स्थलहरू

१. जवैया वडा नम्बर ४ गजेहडा ऐतिहासिक मूल
२. सुन्दरीकरण पोखरी वडा नम्बर ५ कोपवा
३. सिमसार पर्यटकीय स्थल वडा नम्बर ६ लक्ष्मणघाट
४. थारु सङ्ग्रहालय वडा नम्बर ६ हात्तीसार, लक्ष्मणघाट
५. थारु सङ्ग्रहालय वडा नम्बर ५ कोपवा आदि

## ज) प्रसिद्ध जात्रा महोत्सव स्थानहरू

१. महाशिवरात्री मेला हथौसा (महाशिवरात्री)
२. नहान (स्नान) मेला लक्ष्मणघाट हात्तीसार (कार्तिक पूर्णिमा)
३. सराय मेला दुर्गा भगवती मन्दिर बैरिया (कोजाग्रत पूर्णिमा)

- सराय मेला नवदुर्गा मन्दिर चप्परगाउँ (आश्विन शुक्ल द्वादशी)
- सराय मेला नवदुर्गा मन्दिर मोतीपुर डाँडा (कोजाग्रत पूर्णिमा )
- सराय मेला दुर्गा मन्दिर मोतीपुर (आश्विन शुक्ल द्वादशी)

४. रामकुमार बाबा मेला प्रत्येक ३/३ वर्षमा कार्तिक शुक्ल तृतीयादेखि पञ्चमीसम्म (भाइटिकाको तृतीयादेखि पञ्चमीसम्म) मेला लाग्ने गर्दछ।

## झ) प्रमुख घाटहरू

१. लक्ष्मणघाट
२. श्रृङ्गीघाट
३. देउरालीघाट
४. तुरतुरेघाट आदि

## ञ) गौशालाहरू

बाणगङ्गा नगरपालिका भित्र यत्र तत्र वेवारिसे रूपमा छाडिएका, भेटिएका गाईगोरूहरूको सुरक्षा का साथै किसानहरूको खेतीबालीको सुरक्षाको लागि नगरपालिकाद्वारा आफ्नो क्षेत्रभित्र विभिन्न स्थानमा गौशालाहरू सञ्चालन गरिएका छन् । ती गौशालाहरू निम्नानुसार छन् ।

१. भागीरथी गौशाला बाणगङ्गा-८, मधुवनधाम

२. कोइली (क) गौशाला बाणगङ्गा-७ र ९

३. कोठी गौशाला बाणगङ्गा -२, पिपरा

४. नन्दिकेश्वर गौशाला बाणगङ्गा-२, नन्दनगर

५. दुर्गा मन्दिर गौशाला बाणगङ्गा-९, भलवाड आदि

## ट) महोत्सव



बाणगङ्गा नगरपालिका चारनम्बर, जितपुरमा रहेको बुद्ध रङ्गशालामा उद्योग वाणिज्य संघ र बाणगङ्गा वेलफेयर सोसाइटीले संयुक्त रूपमा कपिलवस्तु महोत्सवको आयोजना गर्दै आएका छन् । यो महोत्सव कृषि, व्यापार, कला, संस्कृति र आर्थिक क्रियाकलापका दृष्टिले महत्त्वपूर्ण रहेको छ । यस महोत्सवको आयोजना गर्न बाणगङ्गा नगरपालिका लगायत अन्य विभिन्न संस्थाहरूले सहयोग गर्दै आएका छन् ।

## ठ) रङ्गशालाहरू

बाणगङ्गा नगरपालिकाभित्र खेलकूदको माध्यमबाट युवाहरूको स्वास्थ्य तथा मनोरञ्जनको विकास गर्ने उद्देश्यले विभिन्न रङ्गशालाहरू स्थापना गरिएका छन् । ती मध्ये प्रमुख रङ्गशाला निम्नानुसार रहेका छन् ।

१. बुद्ध रङ्गशाला चारनम्बर, जितपुर

२. मायादेवी रङ्गशाला बाणगङ्गा-८, बालापुर आदि

अन्त्यमा

बाणगङ्गा नगरपालिका ऐतिहासिक, प्राकृतिक र सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण स्थान को रूपमा परिचित छ। यहाँ धार्मिक तथा पर्यटनको दृष्टिले प्रचूर सम्भावनाहरू छन्। प्रस्तुत परिचयात्मक पुस्तिकामा यहाँ रहेका मुख्यमुख्य धाम, मन्दिर, जात्रा, महोत्सव, उद्यान संग्राहालय आदिको मात्र उल्लेख गरिएको छ। यसका अतिरिक्त पनि यहाँका वडाका टोल टोलमा कतिपय सामाजिक, साँस्कृतिक, प्राकृतिक महत्त्वका विषय क्षेत्र र वस्तुहरू छुटेका हुन सक्छन्। आगामी दिनमा छुट भएका उल्लेखनीय कुराहरू प्रकाशमा ल्याइनेछ। तपाईंको हातमा पुगेको यो पुस्तिका नगर प्रज्ञा प्रतिष्ठानको पहिलो प्रयासका रूपमा तयार गरिएको अभिलेख हो। यसलाई अझ तथ्यपूर्ण तथा सघन  बनाउन यहाँहरूको सुझावको अपेक्षा गरिएको छ।

धन्यवाद!

**बाणगङ्गा नगर प्रज्ञा प्रतिष्ठान**
बाणगङ्गा नगरपालिका, कपिलवस्तु

# बाणगङ्गा नगरपालिकाको नक्सा

